राप्ती सोनारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके
५ नं. प्रदेश, नेपाल

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।।।

(प्रथम पटक प्रकाशित मितिः- २०७७-०४-२५)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स.२०७७/७८ च.नं. /PMEP/ २३ मिति २०७७/०४/१२ को पत्रानुसार यस राप्ती सोनारी गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

तपशिल

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ (एक) जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनभुवः-**

(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको ।

(ख) **अनभुव र सीपः** प्राविधिक सहायकमा देहायका अनभुव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

(ग) उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. दरखास्त दिने स्थानः- राप्ती सोनारी गाउँपालिकाको कार्यालय, रोजगार सेवा केन्द्र, अगैया, बाँके ।

३. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रकाशित भएको मितिले १५ दिन र १५ औं दिनमा सार्वजनिक बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिनमा ।

४. आवेदन दस्तुरः- रु.४००/-

**५. छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा ।

**६. आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु (क) नागरिकता, (ख) न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र, (ग) चारित्रिक प्रमाणपत्र, (घ) अनुभव खुल्ने कागजात, (ङ) २ प्रति पासपोर्ट आकारको फोटो ।

**७. सेवा सुविधाः-** *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** *गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया* को दफा (९) बमोजिम हुनेछ ।

सम्पर्क मितिः- २०७७/०५/०८

परिक्षा मितिः- सम्पर्क मितिमा तोकिने छ ।

२०७७/४/२५

दल बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत